# राष्ट्रिय योजना आयोगका पदाधिकारीहरूको आचार संहिता, २०६९

**यो आचार संहिता नेपाल सरकारको भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धीको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६९ को उद्देश्य-४ (१) मा भएको व्यवस्था कार्यान्वयन गर्ने उदेश्यले बनाइएको हो ।**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यो संहिताको नाम “राष्ट्रिय योजना आयोगका पदाधिकारीहरूको आचार संहिता, २०६९” रहेको छ ।

१.२ यो आचार संहिता आयोगले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

(क) “आयोग” भन्नाले राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०६७ को दफा ३ को उपदफा (१) बमोजिम गठित राष्ट्रिय योजना आयोग सम्झनु पर्छ ।

(ख) “परिषद्” भन्नाले राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०६७ को दफा १० बमोजिम गठित राष्ट्रिय विकास परिषद् सम्झनु पर्छ ।

(ग) “सचिवालय” भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ ।

(घ) “पदाधिकारी” भन्नाले आयोगका अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य सचिवलाई संझनु पर्दछ ।

(ङ) “आचार संहिता” भन्नाले राष्ट्रिय योजना आयोगका पदाधिकारीले प्रचलित कानूनले तोकिए बमोजिमका कार्य सम्पादन गर्दा पालना गर्नुपर्ने व्यवहार, वानी, व्यहोरा चालचलन वा चरित्र समेत सम्झनु पर्छ ।

**३. संविधान तथा अन्य प्रचलित कानूनमा भएको व्यवस्था, राष्ट्रिय विकास परिषद्ले निर्धारण गरेको नीति निर्देशन तथा देहायका बिषयहरू आचार संहिताका मार्गदर्शनको रूपमा रहने छन् : –**

(क) राष्ट्र र जनताको बृहत्तर हित,

(ख) समन्याय र समावेशीकरण,

(ग) गरीवी निवारण,

(घ) मानव अधिकारको प्रत्याभूति,

(ङ) आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी योजनाको व्यवस्थापन,

(च) योजना तर्जुमा, कार्यान्वयन, निर्णयमा सर्वसाधारणको हित र आवाजको सुनुवाई,

(छ) विकेन्द्रीकरण तथा अधिकार निक्षेपण,

(ज) जनसहभागिता तथा स्थानीय स्रोतको अतिउत्तम उपयोग,

(झ) प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास ।

## ४. आचार संहिता

**देशको समग्र विकास नीति तथा योजना निर्माण, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन गर्ने जिम्मेवारी निर्वाह गर्दा आयोगका पदाधिकारीले प्रचलित कानूनमा भएका व्यवस्थाको अतिरिक्त देहाय बमोजिम उल्लेखित आचार संहिता पालना गर्नुपर्ने छ :–**

(क) देशको समग्र विकास नीति तयार गर्दा आफूसँग प्राप्त तथा रहेका ज्ञान, सीप, विवेक, दक्षता, क्षमता र तथ्यको आधारमा व्यवसायिक, न्यायोचित, निश्पक्ष र स्वतन्त्रतापूर्वक कार्य गर्नुपर्नेछ ।

(ख) कुनै पनि प्रकार वा किसिमबाट आउने प्रभाव, दवाव, भनसुन, धम्की, आग्रह आदिवाट प्रभावित नभई कार्य गर्नु पर्नेछ ।

(ग) कानून एवम् नैतिकता प्रतिकूल हुने सवैप्रकारका प्रभाववाट मुक्त रही विवेकशील रूपमा कार्य गर्नु पर्नेछ ।

(घ) कर्तव्य पालना गर्ने सिलसिलामा प्रचलित कानूनको परिधिभित्र रही स्वतन्त्रतापूर्वक कार्य गर्नुपर्ने र आयोगका अन्य पदाधिकारी एवम् कर्मचारीहरूलाई समेत कुनै प्रकारको हस्तक्षेप तथा अनुचित प्रभाव पार्नु हुँदैन ।

(ङ) विकास आयोजनाको पूर्व स्वीकृती दिँदा त्यसको असर, प्रभाव र भविष्यको दायित्ववारे समेत ध्यान दिनुपर्नेछ ।

(च) पदाधिकारीले कुनै प्रकारको मोलाहिजा, पक्षपात र पूर्वाग्रह नराखी दैनिक कार्य सम्पादन गर्नुपर्नेछ ।

(छ) कुनै पनि ब्यक्ति वा संस्थासँग सम्बन्ध बढाएको कारणले आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्यांकनमा संस्थाको उदेश्य प्राप्तिमा प्रतिकुल स्थिति सिर्जना नहोस् भनी ध्यान दिनुपर्नेछ ।

(ज) पदाधिकारीले विवेकशील पर्यवेक्षकको रूपमा सम्पादित कार्यमा विरोध व्यवधान आउन नदिने तर्फ सजग र सचेत रहनु पर्नेछ ।

(झ) पदाधिकारीको व्यवहार जनविश्वास वढाउने, व्यवसायिक इमान्दारिता, उच्च नैतिकताको नमुना, सदाचारयुक्त र अनुकरणीय हुनुपर्नेछ ।

(ञ) पदाधिकारीले अन्य नागरिक सरह विचार अभिव्यक्तिको स्वतन्त्रता वा कानूनको दायरामा रही कुनै संघ संस्था खोल्ने वा सदस्य हुने वा भेला हुने अधिकार राख्दछन् । तर यस्तो अधिकारको प्रयोग गर्दा सरकारका नीति, आयोगको स्वतन्त्रता एव निष्पक्षता जोगाई राख्नु पर्नेछ ।

(त) कार्य सम्पादनका सिलसिलामा आफ्नो प्रभाव प्रयोग गरी कुनै कार्य गरी दिए वापत वा नगरिदिए वापत उपहार, दान, दातव्य, ईच्छापत्र, ऋण वा अन्य भौतिक/नैतिक लाभको माग गर्ने वा त्यस्तो प्रस्ताव स्वीकार गर्नु हुँदैन ।

(थ) पदाधिकारी मुलुकको सामाजिक, आर्थिक, सास्कृतिक, भौगोलिक विविधता र भिन्नताहरू बुझ्ने र त्यसवाट सुसूचित हुनु पर्दछ । साथै अन्तरराष्ट्रिय सम्वन्धका बिषयमा पनि सुसूचित र प्रवर्द्धनात्मक दृष्टि राख्नु पर्नेछ ।

(द) सचिवालयका कर्मचारीलाई शिष्टतापूर्वक व्यवहार गर्नु पर्नेछ । आफ्नो प्रभाव प्रयोग गरी भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन र त्यसो गर्ने अनुमति पनि दिनु हुदैन ।

(ध) कार्य सम्पादन गर्दा कुनै ब्यक्ति वा समूहप्रति बोलेर, लेखेर, आचरण वा अन्य कुनै तरिकावाट पूर्वाग्रहपूर्ण व्यवहार गर्नु हुँदैन ।

(ण) सेवाग्राही, विदेशी संस्था वा अन्य साझेदार निकायसँग व्यक्तिगत वा आफ्नो परिवार वा नातेदारको हितका लागि कुनै वस्तु वा अवसर माग गर्ने वा त्यस्ता कार्यमा सहमत हुने वा भाग लिने कार्य गर्नु हुदैन ।

राष्ट्रिय योजना आयोग

(प) कार्य सम्पादनको सिलसिलामा उपलब्ध श्रोत र साधनको मितव्ययी, किफायती, प्रभावकारी र अत्युत्तम प्रयोग गर्नु पर्नेछ ।

(फ) आयोगले संस्थागत रुपमा सार्वजनिक नगरेका सूचनाहरु अध्यक्ष वा उपाध्यक्ष वा सूचना अधिकारी वा प्रवक्ता वाहेक अन्य पदाधिकारीले सार्वजनिक गर्नु हुदैन । यसबाट पेशागत वहस गर्नलाई बाँधा पुऱ्याउने छैन ।

(ब) महिला सहकर्मीहरुप्रति शालिन र सम्मानजनक व्यवहार प्रदर्शन गर्नु पर्नेछ । लेख्दा, बोल्दा र दैनिक व्यवहारमा लैङ्गिक विभेद झल्कने शब्दावलीहरुको प्रयोग गर्नु हुदैन ।

(भ) राज्यका नीतिहरुप्रति निष्ठायुक्त प्रतिवद्धता राख्नु पर्दछ । राज्यका विकास नीतिहरुको कार्यान्वयनमा कटिवद्धता देखाउनु पर्दछ ।

(म) प्रचलित कानूनको परिपालना गरी गरेको कार्य असल नियतले गरेको मानिनेछ ।

**५. राष्ट्रिय योजना आयोगको आचार संहिता, २०६९ मा लेखिएका कुरा प्रचलित नेपाल कानूनसंग बाझिएमा, बाझिएको हदसम्म प्रचलित नेपाल कानूनमा लेखिएको कुरा नै मान्य हुनेछ ।**

♦♦♦

राष्ट्रिय योजना आयोग